# चन्दननाथ नगरपालिका
# आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम

**सम्मानित सभाका सम्पूर्ण सदस्य महानुभाव ज्यूहरु,**

नेपालको संविधान, चालु पन्ध्रौ योजना , नेपाल सरकारका क्षेत्रगत नीति तथा कार्यक्रम, स्थानीय तहको वार्षिक योजना तथा बजेट दिग्दर्शन अर्थ मन्त्रालय, संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयबाट प्राप्त बजेट सिलिङ तथा मार्गदर्शन, प्रदेश सरकार कर्णाली प्रदेश सरकारबाट प्राप्त बजेट तथा मार्ग दर्शन विभिन्न क्षेत्रगत नीति तथा मार्गदर्शन र नगरबासिको उत्कट चाहाना र आवश्यकतालाई दृष्टिगत गरी प्रस्तुत नीति तथा कर्यक्रम स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७१ अनुरुप यो गरीमामय नगर सभामा पेश गरेको छु ।

**आद्यणिय नगरसभा सदस्य ज्यूहरु,**

संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने क्रममा विभिन्न कालखण्डमा सहादत प्राप्त गर्नु हुने ज्ञात अज्ञात सहितहरु प्रति हार्दिक श्रंद्धान्जली अर्पण गर्न चाहान्छु ।

साविक कर्णाली अञ्चलको सदरमुकाम रहेको यो नगरपालिका प्राकृतिकरुपमा अनुपम रहनुका साथै क्षेत्रफलको हिसावले १२९.३ बर्ग कि.मि. मा फैलिएको छ । विश्वब्यापि रुपमा फैलिएको कोरोना भाईरसका कारण लाखौ ब्यक्तिले ज्यान गुमाउनु परेको यो दुखद घडिमा हामि नगरबासी करिव ३ महिना देखि बन्दावन्दिको अवस्थामा रहेका छौ । जसको कारण चालु आ.व. भित्र सम्पन्न हुनु पर्ने हामा योजना तथा कार्यक्रमहरु समेत प्रभावित भएका छन् । यस आ.व. मा सम्पन्न हुन नसकेका योजना तथा कार्यक्रमहरु आगामी आ.व.मा सम्पन्न गर्ने प्रतिवद्धता ब्यक्त गर्दछु । महामारी रोकथाम नियन्त्रण र उपचारको कार्यमा योगदान पुर्याउनु हुने सबै जनप्रतिनिधि, कर्मचारी, संघ सस्था, तथा आम संचार जगत प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु । साथै यस नगरपालिकाले स्थापना गरेको कोरना भाईरस संक्रमण नियन्त्रण तथा उपचार कोषमा सहयोग गर्ने सबैमा हार्दिक धन्वाद व्यक्त गर्दछु ।

**<u>आदरणिय नगर सभा सदस्य ज्यूहरु</u>**

आर्थिक वर्ष २०७७।०७८ को बजेटका उदेश्यहरु देहाय बमोजिम हुने गरी प्रस्ताव गरेको छु ।

- गुणस्तरिय पूर्वाधारको विकास तथा विस्तार गर्दै आम नगरबासिको जिवनयापनमा सहजता ल्याउने ।
- कृषि तथा पशुपालनको प्रवद्धन गर्दै स्वच्छ खानेपानी तथा सरसफाईको पहुच विस्तार गर्ने ।
- आधारभुत स्वास्थ्य सेवाको सुनिश्चितताको प्रत्याभुत गर्दै महामारि निर्णयन्त्रको लागि थप प्रयास गर्ने ।
- शिक्षा तथा खेलकुद क्षेत्रको विकास गर्दै गुणस्तरिय, सर्वसुलभ र जिवन उपयोगि शैक्षिक वातावरण निर्माण गर्ने ।
- विपद जन्य जोखिम न्यूनिकरणको लागि कार्य योजना निर्माण गर्दै दिगो फोहोरमैला ब्यवस्थापनको सुरुवात गर्ने ।
- महिला, बालबालिका, जेष्ठनागरीक तथा फरक क्षमता भएका नागरीकहरुको क्षमता अनुरुपका कार्यक्रम तय गरी कार्यन्वयन गर्ने ।
- पर्यापर्यटनको प्रर्वद्धन गर्दै स्थानीय उद्योग, सहकारी र गैरसरकारी संस्थाको परिचालनमा जोड दिने ।

यस आर्थिक वर्षमा यस नगरपालिकाले अवलम्वन गर्ने मुलभुत निति तथा कार्यक्रमलाई देहाय बमोजिम उल्लेख गर्दछु ।

**मूलभुत नीति तथा कार्यक्रम**

- विश्वव्यापि महामारीको रुपमा फैलिएको कोरोना भाईरस संक्रमण तथा फैलाववटलाई नियन्त्रण गर्न आवश्यक संस्थागत क्षमता अभिवृद्धि गर्दै नगरवासीहरुमा रोग विरुद्ध लड्न सक्ने प्रतिरोधात्मक क्षमता वढाउने साथै संक्रमण फैलिन नदिन जनचेतना अभिवृद्दि गर्ने कार्यक्रम संचालन गरिनेछ ।यसको लागि गुणस्तरिय स्वास्थ्य सेवामा आम नगरबासिको पहुच पुर्‍याउन सोहि बमोजिमको बजेट व्यवस्थापन गरिने छ।
- नगर क्षेत्रभित्र विकासका गतिविधिहरु संचालन गर्दा कार्यतालिका सहितको कार्ययोजना निर्माण गरी कार्यन्वयन गरीनुका साथै सम्पादित कामको लागत परिमाण, समय र गुणस्तरमा ध्यान दिइने छ ।
- योजना छनौट तथा तर्जुमा गर्दा समुदायको आवश्कता तथा वातावरणिय अनुकुलतका आधारमा दिगोरुपमा संचालन हुन सक्ने र प्रतिफल युक्त योजना तथा कार्यक्रमलाई जोड दिइने छ ।
- नगरपालिकाका हरेक वस्तिहरुमा पुग्ने सडकलाई कालोपत्रे गर्ने नीति लिईनुका साथै दिगो रुपमा सञ्चालन हुन नसक्ने तथा प्रतिफल हासिल हुन नसक्ने खालका टुक्रे योजनाहरु निरुत्साहित गरिनेछ ।
- बजेट विनियोजन गर्दा जनसंख्या, भौगोलिक अवस्था र न्यूनतम आधारभुत आवश्यकतालाई प्रथामिकता दिदै बजेट विनियोजन गर्ने नीति अवलम्वन गरिने छ।
- महामारिको कारण रोजगारी गुमाएका नगरवासिलाई रोजगार मुलक तालिम र क्षमता विकासका कार्यक्रम संचालन गरी आत्मनिर्भर बन्न अभिप्रेरित गरिने छ।
- नगरपालिकाबाट प्रबाह हुने सेवालाई गुणस्तरिय र सेवाग्राहीमैत्रि बनाउन प्रविधिमा आधारित सेवा प्रवाहाको व्यवस्था मिलाईने छ ।
- सेवाग्राही हरुको गुनासो तथा उजुरीहरुलाई सम्बोधन गर्दै मुस्कान सहितको सेवा "Treat with smile" प्रवाह गर्न कर्मचारिहरुलाई अभिप्रेरित गरिने छ।
- सेवाप्रवाहलाई सहज, सरल,पारदर्शि, जवाफदेहि र नागरीक मैत्रि बनाउन वडा कार्यलयहरुलाइ थप स्रोत साधन र जनशक्तिको व्यवस्थापन गरिने छ ।
- नगर क्षेत्रमा रहेको गरीवी निवारणमा ठोस योगदान दिन सक्ने रोजगार मुलक कार्यक्रम संचालन गरी शहरि गरीवी निवारणमा सम्वद्ध अन्य निकाय संग सहकार्य गरिने छ ।
- आयोजना संचालन गर्दा अत्यावश्यक अवस्थामा बाहेक ठुला मेसनरि औजारहरुको प्रयोगमा निरुसाहित गर्दै श्रम र सिपमुलक योजना कार्यन्वयनमा जोड दिईने छ ।
- स्थानीय समुदायलाई अधिकाधिक लाभ पुग्ने, रोजगारी श्रृजना हुने, वास्तविक लागत सहभागिता जुट्ने प्रकृतिका योजना तथा कार्यक्रमको कार्यन्वयमा जोड दिईनेछ ।
- नगरपालिकाबाट स्विकृत नगर गुरु योजना अनुरुप आयोजना तथा कार्यक्रमहरु तर्जुमा गरी क्रमश कार्यन्वयन गरिनेछ ।
- नगर क्षेत्र भित्र हुने दुरव्यसन, आपराधिक गतिविधि नियन्त्रण गर्न सचेतना मुलक कार्यक्रम संचालन गर्न सामुदायिक सुरक्षा सम्वन्धिको योजना तय गरी कार्यन्वयन गरिने छ।

- नगर क्षेत्रमा देखिने पारिवारिक वेमेल, झैझगडा लगायत विवाद समाधान गर्न न्यायिक समितिलाई थप प्रभावकारी बनाउदै स्रोत साधन सहित थप अधिकार सम्पन्न बनाईने छ ।
- नगर क्षेत्रभित्र दिगो फोहोरमैला व्यवस्थापन गरी स्वच्छ र सफा नगरको रुपमा विकास गर्दै पर्यापर्यटन सम्वन्धि कार्यक्रमहरु तय गरी संचालन गरिने छ ।
- नगरपालिकाका सबै वडाहरुमा न्याय र मेलमिलापको वातावरण निर्माण गर्न वडा स्तरमा स्थापना गरीएका मेलमिलाप केन्द्रहरुको थप शशक्तिकरणमा जोड दिईने छ।
- नगरपालिकाबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी बनाउन कर्मचरीलाई काम प्रति जिम्मेवार आवश्यकताअनुरुप बनाउने विषयगत शाखाहरुको हेरफेर पुर्न गठन गरी सोहि अनुसारका संगठन संरचना अनुरुपका शाखाहरुको गठन गरी कार्यन्वयन गरिने छ ।
- बजार क्षेत्रमा रहेका अब्यवस्थित रुपमा देखिएका टेलिफोन र केबुलका तारलाई ब्यवस्थित गर्ने प्रयोजनका लागी सम्वन्धित सरोकारवालाहरु संग समन्वय गरी जमिन मुनि विछ्याउने कार्यलाई अगाडि बढाइने छ ।
- नगरपालिका भित्रका विपन्न, दलित जनजाती तथा पिछिडिएका र बेरोजगार युवा समुदायहरुको सघन बसोबास भएका वडाहरुमा आव २०७६/७७ देखि मेयर रोजगार कार्यक्रमलाई निरन्तरता दिई कम्तीमा २० जना विपन्न परिवारको सदस्यहरुलाई स्वरोजागार कार्यक्रम मार्फत न्यूनतम रोजगारी सृजना गरिनेछ । सो कार्य संचालनका लागि कार्यविधि तयार गरी महिला, दलित, युवा, फरक क्षमता भएका ब्यक्तिहरुलाई समेटिने गरी कार्यान्वयनमा ल्याइनेछ ।
- नगरपालिका क्षेत्र भित्रका विद्युतको पहुच नपुगेका बस्तिहरुमा विद्युतीरकणको ब्यवस्था मिलाईने छ ।
- नगरबासिको आवश्यकता पहिचान गर्न जनता संग नजिक रहेर गुनासो सम्वोधन गर्न आवश्यकता तथा माग बमोजिम कृयाकलाप संचालन गर्न ०७६।०७७ देखी जनता संग उप प्रमुख कार्यक्रमलाई निरन्तरता लिने छ ।
- नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने लक्षित वर्गका लागि विषेश कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- महिला, जेष्ठनागरीक तथा फरक क्षमता भएका ब्यात्तिहरुलाई सशक्त वनाउनको लागि सिपमुलक तथा आयआर्जनका कार्यक्रमहरु संचालन गरीनुका साथै अपांग तथा जेष्ठ नागरीक मैत्री संरचनाहरुको निर्माण गरिने छ ।
- विकासमा सक्रिय साझेदारी एवम् सहभागि हुने जिल्ला स्थित गैर सरकारी संस्था, अन्तराष्ट्रिय गैर सरकारी संस्था, दातृ निकायबाट हुने विकास निर्माणका कार्यहरुलाई एकद्वार प्रणाली (One Door System) अर्न्तगत नगरपालिकाको स्वीकृती लिएर मात्र संचालन गर्ने गराउने ब्यवस्थालाई निरन्तरता दिइने छ ।
- नगर क्षेत्रलाई प्रर्यटकिय हब बनाउन नगरमा भएका पर्यटकिय क्षेत्रको सर्म्वद्धन गर्दै तिलानदिमा र्याफ्टिन संचालन गर्नको लागि आवश्यक पहल गरिने छ ।
- नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण आधारभुत तथ्याकंहरुलाई संकलन गरी नगरपालिकाको नगरप्रोफाईल तयार गरिनेछ ।
- ब्यवस्थित शहरीकरणको विकास गर्न शहरि विकास मापदण्ड तथा भू उपयोग योजना तर्जुमा गरी कार्यन्वयन गर्दै लगिने छ ।
- शहरि सौन्दर्यतालाई बढवा दिन वडा नं ५ अन्तर्गत बजार क्षेत्रमा बन्ने प्रत्येक घरको बाहिरी भागमा निलो रंग र जस्तावाला घरहरुको दछतमा पनी निलो जस्ता अनिवार्य गराई बजारको सौन्दर्यता कायम गने गरी लिईएको नीतिलाई निरन्तरता दिईने छ।

- स्थानीय बालीलाई संरक्षण र कृषि उत्पादनलाई जोड दिई कृषिको आधुनीकीकरण र व्यवसायीकीकरण गर्दै कृषिमा आत्मनिर्भर बनाउने तर्फ जोड दिनुका साथै गुणस्तरीय फलफुल उत्पादन र प्रमाणीकरण गर्न आवश्यक पहल गरिनेछ ।
- बाल संरक्षण विकास र बाल सहभागिता विविध पक्षहरुमा सम्बन्धीत सरोकारवाला संगको समन्वयमा बालमैत्री नगर घोषणा गर्ने कार्यको थालनि गरिनेछ साथै नगर स्तरीय वाल संरक्षण समिति मार्फत पिडित एवं प्रभावितलाई राहत उपलब्ध गराईनेछ ।
- खेलकुद क्षेत्रको विकासको लागि आधुनिक सुविधा सम्पन्न रङ्गशाला निर्माणको लागि आवश्यक पहल गरिने छ ।
- नगरपालिकाका सवै वडाहरुको समानुपातिक विकासको सुनिश्चिततताको लागि एक वडा एक नमुना गाउँको अवधारणालाई मुत रुप दिइने छ ।
- "आफ्नो ठाँउ, आत्म निर्भर बनाउ" भन्ने मान्यतालाई शाकार पार्न नगरवासिलाई अभिप्रेरित गरिने छ ।

**क्षेत्रगत नीतिहरुः**

**भौतिक विकास तर्फ**

- नगर गुरुयोजनाले निर्द्धिष्ट गरेका तथा क्रमागत सडकहरुमा प्राथमिकताका साथ लगानी गर्ने तथा नगरपालिकाको श्रोतले नसक्ने अवस्थाका ठुला प्रकृतिका योजनाहरुलाई अन्य निकाय सँग समन्वय गरी निर्माणको कार्यलाई गरिने छ ।
- रिंगरोड निर्माण कार्यलाई प्राथमिकता साथ कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।
- भवन निर्माण कार्यलाई व्यवस्थित बनाउन भवन निर्माण स्वीकृतीलाई अनिवार्य बनाइ भवन आचारसहिता २०७२ को अनुकुल हुने गरी शहरि विकास मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- यस आ.व.मा सम्पन्न हुन नसकेका योजनाहरुलाई प्राथमिकता आधारमा समय सारणी (Time table) सहित सम्पन्न गर्न आवश्यक स्रोत साधनको व्यवस्था गरी निर्धारित समयमै सम्पन्न गरिने छ।
- कच्ची सडकलाई दोहोरो नाला सहित ग्राभेल र ग्राभेल भएका सडकलाई क्रमश कालोपत्र गर्दै लगिने नीतिलाई निरन्तरता दिईनेछ ।
- निर्माण भएका भौतिक संरचनाहरुको नियमित मर्मत संभार गर्न मर्मत संभार कोषबाट आवश्यक बजेटको व्यवस्थापन गरिने छ।
- नगरपालिकाको मुख्य प्रशासनिक भवन निर्माण गर्न आवश्यक बजेट विनियोजन गरिने छ ।

## खानेपानी तथा सरसफाई (Drinking Water Supply, Sanitation and Hygiene)

- नगरक्षेत्र खुला दिसामुक्त क्षेत्र घोषणा भई सकेको अवस्थामा खुला दिसामुक्त क्षेत्र घोषणा पछि गर्नु पर्ने थप क्रियाकलापहरु संचालन गर्न कार्ययोजना बनाई अगाडि बढ्ने निर्णय लिईने छ ।
- स्वच्छ खानेपानी तथा पूर्ण सरसफाइको कार्यमा सरकारी तथा गैर सरकारि, संघ संस्थाहरु संग समन्वय गर्दै एकद्वार प्रणाली मार्फत थप कार्यक्रमहरु कार्यन्वयन गरिने छ ।
- नगरक्षेत्र भित्र खानेपानीको सहच पँहुच पुर्याउन सवै वस्तीहरुमा खानेपानी योजना संचालन गर्ने गरी सुरु गरिएको एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

- खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको संस्थागत ब्यवस्थालाई सुदृढ गर्नको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।

**संस्कृति तथा पर्यटन :**

- यस नगरक्षेत्र भित्र विद्यमान धर्म, संस्कृति, कला, लोक संगित, पुरातात्तिक सम्पदाहरुको संरक्षण गर्न विषेश नीति तर्जुमा गरी कार्यन्वयन गरिने छ ।
- नेपाली भाषाको उद्गम क्षेत्रको रुपमा रहेको खस भाषाको संरक्षण, सम्वद्दन र प्रर्वद्धनका लागि विषेश कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिने छ ।
- पर्यटन प्रवर्द्धन तथा पुर्वाधार विकासका लागि नीजि क्षेत्र उद्योग वाणिज्य संघ लगायत विभिन्न निकाय संग आवश्यक समन्वय र सहकार्यमा कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिने छ ।
- यस नगरक्षेत्र भित्र पर्ने प्रमुख धार्मिक स्थलहरुलाई पर्यटकीय गन्तब्य समेतको रुवमा विकास गर्न चन्दननाथ, भैरबनाथ मन्दिर, ठाकुर ज्यू, डुडुल चैत्य, गणेशगुफा, दानसाघु, वासिमालिका , राजिवन मालिका, चेरेमालिका सत्रखम्वा, पंचदेवल लगायतका क्षेत्रको पूर्वाधार विकासको लागि विशेष पहल गरिनेछ ।
- पर्यटन प्रवर्द्धनका लागि थप पर्यटकिय स्थलहरुको पहिचानका लागि सम्भाब्यता अध्ययन गरिनेछ ।

**वातावरण संरक्षण तथा विपद् ब्यवस्थापनः**

- नगर क्षेत्रको बिपद ब्यवस्थापनका लागि विपद ब्यवस्थापन कोष स्थापना गरी विपद प्रभावित नागरीकलाई राहत प्रदान गर्ने ब्यवस्था मिलाइने छ ।
- ठुला आयोजना तथा भौतिक संरचना निर्माण गर्दा वातावरण मैत्री हुनेगरी निर्माण गरीनुका साथै निर्माण गर्नु पुर्व वातावरणिय प्रभाव मुल्याकंन गर्ने ब्यवस्था मिलाईने छ ।
- नगर क्षेत्र भित्र रहेका नागा डाँडा तथा नदि, खोला किनाराहरुमा  बृक्षारोपण गर्न समवन्धित निकाय संग समन्वय तथा सहकार्य गरी बृक्षारोपण मार्फत प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण गर्न आवश्यक ब्यवस्था मिलाइने छ ।
- नगरपालिकाको विच भागबाट बग्ने जुगाडखोलालाई सफा र स्वच्छ बनाउने प्रयोजनको लागि विस्तृत परियोजना प्रस्ताव सहितको गुरु योजना (Master paln) तयार गरी कार्यन्वयन गरिने छ ।

**फोहोरमैला ब्यवस्थापन :**

नगर क्षेत्र भित्रको फोहोरमैलाको दिगो ब्यवस्थापन गर्ने प्रयोजनको लागि निर्माणाधिन डपिगं साईटलाई निर्धारीत समयमै सम्पन्न गर्न आवश्यक बजेटको ब्यवस्थापन गरी समयमै निर्माण सम्पन्न गरिने छ ।

- फोहोरमैला ब्यवस्थापनलाई आय आर्जनको माध्यम संग जोडि फोहोरमैला ब्यवस्थापनमा निजि क्षेत्रको संलग्नतालाई बढावा दिईने छ ।
- नगर क्षेत्र भित्र आधुनिक सुविधा सम्पन्न सार्वजनिक शौचालय निर्माण गरी संचालनमा ल्याईनुका साथै दिशाजन्य फोहोर ब्यवस्थापनका लागि आवश्यक पहल गरिने छ।
- शहरि क्षेत्रमा प्रत्येक घर तथा पसलबाट निस्कने फोहोरमैला ब्यवस्थापनका लागि आर्थिक ऐन बमोजिम शुल्क निर्धारण गरी फोहोरमैला ब्यवस्थापनमा समुदायको संलग्नता अभिवृद्धि गरिने छ ।
- सरसफाई तथा फोहोरमैला ब्यवस्थापनका क्षेत्रमा आबश्यक लगानी जुटाउन तथा बजेटको प्रयाप्त ब्यबस्था गर्न सरकारी गैर सरकारी संघ सँस्थासँग आवश्यक समन्वय गरिनेछ ।

**सुचना तथा संचार विकास**

- टेलिफोन तथा इन्टरनेट प्रदायक संस्थाहरु संग सहकार्य गरी सहज संचार पहुच नपुगेका वडा तथा बस्तिहरुमा टेलिफोन तथा तथा इन्टरनेट सेवाको पहुच बिस्तार गर्ने नीति अवलम्वन गरिनेछ ।
- नगरपालिका तथा मातहतका सबै वडा कार्यालयहरुलाइ सुचना प्रविधिको सहच पहुच वृद्धि गरी प्रविधिमा आधारित सेवा प्रवाहको ब्यवस्था मिलाईने छ ।
- नगरपालिका विषयगत शाखा वडा कार्यालयहरु वीच हुने संचार प्रणालीलाई सहज, सरल र मित्रब्ययी बनाईनेछ

**उर्जा विकास :**

- उर्जा संकटलाई तत्कालिन रुपमा न्यूनिकरण गर्न सम्वन्धित निकाय संगको सहार्यमा आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिने छ ।
- नगर क्षेत्रलाई केन्द्रय प्रशारण संग आवद्ध गर्न नेपाल विद्युत प्राधिकरण संग समन्वय तथा सहकार्य गरी थप कार्य कार्यन्वयन गरिने छ
- नगर क्षेत्र भित्रका विद्युत पहुच नपुगेका ८ र ९ का वस्ति लगायत अन्य स्थानमा विद्युत पहुच पुर्‍याउन आवश्यक पहल गरिने छ ।
- नगर क्षेत्रमा निर्माणधिन लघु जलविद्युत आयोजनालाई निर्धारित समयमै सम्पन्न गर्नुका साथै सम्पन्न आयोजनाहरुको स्तरोन्नतिको लागि आवश्यक बजेट विनियोजन गर्ने ब्यवस्था मिलाईने छ ।

**राजस्व तथा वित्त ब्यवस्थापन नीति :**

- नगरपालिकाको आन्तरिक आयलाई सुदृढ गर्न करका दरहरुलाई समसामायिक पुनराकलोकन गर्दै वढि भन्दा बढि करदातालाई करको दायरामा ल्याई कराधार विस्तार गर्ने नीति अवलम्वन गरिने छ ।
- राजस्व असुलिलाई पारदर्शि र लागत प्रभावि बनाउन वडा कार्यलयबाट संकलित राजस्वको आर्थिक ऐनमा ब्यवस्था गरी प्रोत्साहन स्वरुप सम्वन्धित वडाहरुमा पठाइने ब्यवस्था मिलाईने छ ।
- कर संकलनलाई ब्यवस्थित एंव बैज्ञानिक बनाउन सवै वडाहरुबाट राजस्व उठाउने प्रक्रियामा एक रुपता ल्याउन विद्युतिय माध्यमबाट राजश्व संकलन प्रणाली कार्यन्वयनमा ल्याईने छ ।
- राजस्व संकलनमा संलग्न पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम संचालन गरिनुका साथै राजस्व संकलनमा पारदशिता र जवाफदेहिता वृद्धि गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाईने छ ।

**कृषि, पशु तथा साना घरेलु उद्योग :**

- उच्च मूल्य भएका पोषण युक्त ब्यवसायिक कृषि क्षेत्रको विकास र विस्तार गरी आत्मनिर्भर कृषि प्रणालीको विकास गर्ने कार्यक्रम कार्यन्वयन गरिने छ ।
- पशु क्षेत्रको विकास र विस्तारका लागि थप युवा जनशक्तिलाई आकर्षित गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यन्वयनमा ल्याइने छ ।
- **कृषि क्षेत्रको आधुनिकिकरण, विविधिकरण, ब्यवसायिकरण र यान्त्रिककरण मार्फत प्रविधिमैत्रि कृषि पद्धतिको विकास गर्न विस्तृत गुरुयोजना तयार गरी सोहि बमोजिम कार्यक्रम तय गरी कार्यन्वयन गरिने छ ।**

- दुध, फल, माछा, मासुमा आत्मनिर्भर गर्नका लागि कृषकहरुलाई प्रोत्साहित गर्ने नीति लिइने छ । साथै पशु व्यवसायमा आधारित उद्यमलाई करको दायरामा ल्याउने व्यवस्था मिलाईने छ ।
- जनस्वास्थ्य संरक्षण गर्नलाई महामारी रोग रेविजलाई नियन्त्रण गर्नलाई भुस्याहा कुकुर नियन्त्रण गर्ने कार्यलाई समुदायको सहकार्यमा निरन्तरता दिइने छ।
- खर्क संरक्षण, सम्वर्द्धन र प्रर्वदन तथा पशु पालक कृषकको स्वामित्व रहने कार्यविधि र कार्यक्रम बनाईनेछ ।
- पशु विमालाई उत्प्रेरित गर्न पशु स्वस्थ्य अभियानलाई व्यापक बनाउन खोप सिबिर संचालनका कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- अनुवाशिक श्रोत संरक्षणगर्न जुम्ली घोडाको संरक्षण गरी पर्यटन प्रवद्धनमा जोड दिने नीतिलाई निरन्तरता दिईनेछ ।
- बधसाला सुधार गर्ने र मासिक बजार अनुगमन गरी पशु जन्य खाद्यवस्तुको शुद्धता र गुणस्तर कायम गरिनेछ ।
- भेडा भाख्रालाई प्रमुख पेशाको रुपमा प्रथामिकताको दिई अन्य पशुपालनलाई सुमोचित व्यवस्थापन गरिनेछ ।
- पोषण तथा खाद्य सुरक्षालाई प्राथमिकता दिन बहुक्षेत्रीय पोषण कार्यक्रम क्षेत्र प्रभावकारि रुपमा कार्यान्वयनमा ल्याईनेछ ।
- विषाधी नियन्त्रण र नियमन गर्ने मापदण्ड तय गरी अर्गानिक कृषि उत्पादन तथा विक्रि वितरणलाई प्राथमिकता दिईने व्यवस्था मिलाईनेछ ।

**सामाजिक विकासः**

**शिक्षा, स्वास्थ्य ः**

**क) स्वास्थ्य**

- संघिय तथा प्रदेश सरकारबाट प्राप्त शसर्त कार्यक्रम र बजेटसँग तालमेल हुने गरी अवाश्यकता अनुसार थप कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाइने छ ।
- कोभिड–१९ बाट उत्पन्न संकट ब्यबस्थापन गर्न विदेशमा र नगर बाहिर रहेका र घर फिर्ता हुन प्रयत्नरत नगरबासीको मानविय संवेदनालाई उच्च महत्व दिदैं गन्तब्यसम्म पुग्न सहजीकरण, नगर प्रवेश हुने विभिन्न नाकामा स्वास्थ्य जांचका लागि स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको सघन परिचालन, मापदण्ड अनुसारको क्वारेन्टाइन ब्यबस्था, राहत बितरण, आबश्यकता अनुसार आइसोलेसन कक्ष निर्माण, आबश्यक औषधि, स्वास्थ्य सामग्री र आवश्यक पूर्वाधारको शिघ्र विकासका लागि बजेट प्रवाह र जनशक्ति परिचालनमा निरन्तरता दिईने छ ।
- नगरपालिका स्तरीय महामारी, रोग नियन्त्रण तथा विपद् व्यवस्थापन आकस्मिक योजना बनाई कार्यन्वयन गर्नुका साथै महामारी तथा प्राकृतिक प्रकोपको ब्यवस्थापन गर्न पालिका स्तरमा जनसुरक्षा कोष स्थापना गरिनेछ ।
- अस्वभाविक घटनाहरु, महामारी वा स्वास्थ्य क्षेत्रमा आएका अन्य परिवर्तन तथा जोखिम समयमै पत्ता लगाउन रोग तथा प्रकोप निगरानी प्रणालीलाई स्वास्थ्य संस्थासम्म विस्तार गरी तुरुन्त प्रतिवेदन हुने व्यवस्था गरिनेछ ।
- स्वास्थ्य क्षेत्रको सवलीकरण गर्न नगरपालिकाले आधारभुत स्वास्थ्य सेवाको सुनिश्चितता, खोप सेवाको सुनिश्चितता, औषधी एवं उपकरणको उपलब्धता, गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य पूर्वाधार विकास, स्वास्थ्यकर्मीको उपलब्धता, स्वास्थ्यकर्मी तथा स्वास्थ्य सँग सम्बन्धित सबै जनशक्तिको क्षमता विकास, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, दीर्घ रोगीलाई उपचार तथा नियमित औषधी सेवनको ब्यवस्था, पोषण कार्यक्रम,

एकीकृत बालरोग व्यवस्थापन, स्वच्छ र सन्तुलित आहा सरसफाइ र स्वास्थ्य सचेतना, प्रेशण सेवा, औषधी तथा स्वास्थ्य सामाग्री स्टोर कक्ष व्यवस्थापन जस्ता कार्यक्रमलाई प्राथमिकतामा राखि संचालन गरिने छ ।

- नगरपालिकामा बसोवास गर्ने नागरीकहरुलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यकता र प्राथमिकताका आधारमा प्रत्येक वडामा क्रमशः "शहरी स्वास्थ्य केन्द्रहरु" स्थापना गर्दै लगिनेछ ।
- उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम, कलेजो, मिर्गौला लगाएतका नसर्ने रोगको पहिचान परीक्षण र उपचारका कार्यक्रमहरु प्रदेश तथा संघिय सरकारसँग समन्वय गरी थप प्रभावकारी बनाइने छ ।
- स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिका कार्यहरु थप प्रभावकारी वनाइनुका साथै स्वास्थ्य संस्थाको नियमित अनुगमन गरी स्वास्थ्यकर्मीको मनोवल बढाउने र शुसासन कायम गर्ने कार्यलाइ प्राथमिकता दिइने छ ।
- विद्यालयमा विद्यार्थीको नियमित स्वास्थ्य जाँच गर्ने ब्यवस्था गरी किशोर किशोरीहरुलाई उचित परामर्शको ब्यवस्था गरिने छ ।
- सामाजिक व्यवहार परिवर्तनका लागि स्थानीय सवालहरुको आधारमा सामाजिक परिचालनका माध्यमद्धारा स्वास्थ्य जागरण तथा प्रवद्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- स्वास्थ्य सुचना प्रणाली तथा आपुर्ति ब्यवस्थापनलाई थप ब्यवस्थित गर्न सम्पुर्ण स्वास्थ्य संस्थाहरुवाटै अनलाइन माध्यमबाट प्रतिवेदन प्रविष्ट गर्ने ब्यवस्था मिलाइनुका साथै समिक्षा प्रणाली एवं तथ्याकंको गुणस्तर बृद्धी गर्ने कार्यक्रमहरु तय गरिनेछ ।
- स्वास्थ्य कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङकन र नियमन गर्ने संयन्त्रको विकास गरिनेछ ।
- स्वास्थकर्मीहरुको दृष्टिकोण, ब्यवस्थापन टोली र सेवाग्राहीहरु वीचको सम्बन्ध विस्तारका लागि वडा स्तर देखि नगरपालिका स्तरसम्म भए गरीएका कामको सार्वजानिक सुनुवाई गर्ने क्रम सुरुवात गरिनेछ ।
- स्वास्थ्यका कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था साथै दातृ निकायहरुसंग समन्वय गरी स्वास्थ्य क्षेत्रमा स्रोतको ब्यवस्थापन गर्न पहल गरिने छ ।
- स्वास्थ्य समस्यामा परेका नागरिकहरुलाई तत्काल उद्धार गरि स्वास्थ्य सँस्थासम्म पुर्याउने प्रयोजनका लागि एम्बुलेन्स व्यवस्थापन गरिनेछ ।

## ख) शिक्षा (Education)

- कोरोना भाईरसको रोकथाम तथा नियन्णका लागि गरिएको वन्दाबन्दिको विषम परिस्थितिमा विद्यार्थीको पढाईलाई निरन्तरता दिन स्थानीय रेडीयो मार्फत शिक्षण कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र रहेका ब्यवसायिक तथा साधारण मा.वि.हरुको सस्थागत क्षमताको विकास गरीनुका साथै बालविकास केन्द्रको सुदृढिकरणमा जोड दिइने छ ।
- नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक सिकाई केन्द्रहरुमा कार्यरत सामाजिक परिचालिकाहरुको क्षमता बृदि गर्दे सबै सिकाइ केन्द्रहरुको सुदृढिकरण गर्दे लगिने छ ।

- नगरपालिका क्षेत्रभित्र नमूनाको रुपमा संचालित सामुदायिक विद्यालयहरुलाई मापदण्डको आधारमा प्रोत्साहन गरिने व्यवस्था मिलाईने छ ।
- भौगोलिक विकटता, संचालित कक्षा, विद्यार्थी सख्याको आधारमा विद्यालय मर्ज गर्ने कार्यलाई यस आ.व.मा पनि निरन्तरता दिइएको छ ।
- नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका सामुदायिक विद्यालयहरुमा पुस्तकालय व्यवस्थापनमा प्राथमिकता दिइनाको साथै कम्तीमा एउटा विद्यालयलाई १ बर्ष भित्रमा ई लाइब्रेरीको स्थापना गर्न प्राथमिकता दिइने छ ।
- नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा राम्रो र प्रशंसनीय काम गर्ने १ जना महिला र १ जना पुरुष शिक्षकहरुलाई पुरस्कारको व्यवस्था गरिने कार्यलाई यस बर्ष पनि निरन्तरता दिइने छ ।
- **दलित, अतिविपन्न, द्वन्द्व पीडित, असाय वालवालिकाहरुको लागि छात्रवृत्ती व्यवस्था गरिने कार्यलाई प्राथमिकता दिइने छ ।**
- नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयको पूर्वाधार विकासका लागि आवश्यकताका आधारमा पूर्वाधार विकास थप बजेटको व्यवस्था गर्न पहल गरिने छ ।
- विद्यार्थीहरुमा संचार सुविधालाई प्रत्याभुति दिन विद्यालयहरुमा इन्टरनेट सेवाको पहुच विस्तार गर्न आवश्यक पहल गरिनेछ ।
- साक्षर अभियानलाई सरल, सहज ढंगले संचालन गर्न माध्यमिक तह कक्षा ८ को वार्षिक परिक्षाको प्राक्टिकल नम्वरको लागि घरपरिवारका २ जना सदस्यलाई साक्षरता वनाउनु पर्ने नियम बनाइ सोहि बमोजिम अंक दिइने व्यवस्था लागु गरिने छ ।
- **विद्यार्थीसँग नगर प्रमुख कार्यक्रम** अन्तर्गत चन्दननाथ नगरपालिका अन्तर्गतका माध्यमिक विद्यालयहरुमा अध्ययनरत SEE परीक्षा दिने विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।
- **विद्यार्थीसँग नगर उप प्रमुख कार्यक्रम** अन्तर्गत चन्दननाथ नगरपालिकाभित्र संचालित माध्यमिक तहमा अध्ययनरत छात्रा तथा महिला शिक्षकहरुलाई स्यानिटरी प्याड वितरण गर्ने कार्यलाई संघीय सरकारको सशर्त अनुदानको बजेटसँग समन्वीत हुनेगरी व्यवस्थापन तथा वितरण कार्यलाई अगाडि बढाइने छ ।
- नगर क्षेत्रभित्रका सामुदायिक विद्यालयलाई वातावरण मैत्रि बनाउन **एक विद्यालय एक बगैचा** कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिइने छ ।
- शिक्षण सिकाइमा नवीन प्रविधिको रुपमा रहेको Talking Teacher कार्यक्रमलाई यस नगरपालिकाका १० वटा वडाहरुमा लागु गर्ने कार्यलाई प्राथिमिकतामा राखिने छ ।

**युवा तथा खेलकुद ः**

- चन्दननाथ नगरपालिकाका युवाहरुलाई रोजगारीको अवसर उपलब्ध गराउन  विभिन्न कार्यक्रमहरुको तर्जमा गरी कार्यान्वयन गरीनुका साथै कोरोना भाईरसको कारण बैदेशिक रोजगारीवाट फिर्ता भएका युवा हरुलाई समेत उक्त कार्यक्रममा सहभागी गराईनेछ ।
- विभिन्न गाँउ बस्तिहरुमा रहेका बालक्लब तथा युवा क्लवहरुको क्षमता बृद्धि गर्न आवश्यक कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- नगरपालिका भित्र आधुनिक सुविधा सम्पन्न रंगशालाको निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

**महिला तथा बालबालिका :**

- यस चन्दननाथ नगरपालिका भित्रका महिला तथा बालबालिका शाखा द्वारा प्रर्बधित सहकारी संस्थाहरुमा आवद्ध विपन्न र पिछडिएका सबै महिलाहरुलाई सिप तथा उद्यमशिलता विकास मार्फत आत्मनिर्भर बनाइनेछ ।
- किशोरीहरका धारणा, भावना तथा विवेकलाई नकारात्मक हिसाबले वृद्धि हुन नदिई सकारात्मक सोचमा परिवर्तन गरी जिवनलाई सहि मार्गमा हिडाउन र आइपर्ने विभिन्न समस्या संग सामाना गर्न सक्ने क्षमता आर्जन गरेर सुखमय जिवनको सपना साकार बनाउन जिवनोपयोगी सिप सम्बन्धी तालिमहरु प्रदान गरिनेछ ।
- संम्बद्द निकाय सँगको सहकार्य र समन्वयमा आमाबुवा तथा अभिभावकको मृत्यु भै वा अन्य कारणले असहाय भएका वा सडकमा बेवारिसे अवस्थामा रहेका बालबालिकाको उद्धार र संरक्षण गरिनेछ ।
- महिला हिंसा, दुर्व्यबहार लगायतका हिंसा वा जोखिममा परेका सम्पूर्ण  महिलाहरुका लागी अल्पकालिन आश्रय स्थलको अनुगमन तथा ब्यवस्थापन लाई निरन्तरता दिईनेछ ।
- फरक क्षमता भएका ब्यक्तिहरुको शिक्षा, स्वास्थ्य, मनोरञ्जन, खेलकुद, रोजगारी र आय आर्जनका लागी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस नगरपालिकाका १० वटै वडाका बाल संरक्षण समिति र नगरस्तरीय बाल संरक्षण समितिको क्षमता अभिवृद्धि गर्नुका साथै नगरस्तरीय बाल संरक्षण समितिको ब्यवस्थापन गरिनेछ ।

**वहु क्षेत्रिय पोषण कार्यक्रम :**

- वहुक्षेत्रिय पोषण योजना दोस्रोमा उल्लेखित पोषण विशेष तथा संवेदनशिलक कार्यक्रमहरु नियमित रुपमा संचालन गरी मातृशिशु तथा पोषण मा उल्लेखित प्रगति हाशिल गर्न विषयगत क्षेत्रका कर्मचारी तथा महिला स्वयम सेवकहरु,संचारकर्मिहरु र वहुक्षेत्रिय पोषण स्वयम सेवकहरुको क्षमता विकास गरिनेछ ।
- यस नगरपालिकामा रहेका ५ वर्षमुनिका न्युन कुपोषित वालवालिका,किशोर, किशारी,गर्भवति र स्तनपान गराइरहेका आमाहरुको जाँच, तौल तथा वृद्धी अनुगमन गरी कुपोषणको अवस्था अनुसार पोषण परामर्श, लगायतका कार्यक्रम संचालन गर्ने ब्यवस्था मिलाईनेछ ।